# ११ जेरपातकी विधुवा

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* १ राजा १७, अयूब ३८, अयूब २:५,६ लूका ४::२४-२८, हिब्रू ११:१, प्रकाश १:१७।

*<u>स्मरण गर्नुपर्ने पदः</u>* "जुन परमेश्वरले तिमीबाट असल काम गर्न सुरू गराउनुभयो, त्यस परमेश्वरले त्यो काम नसिद्धीउँञ्जेल निरन्तरता दिनुहुनेछ भन्ने कुरामा म निश्चय छु। जुन दिन येशू ख्रीष्ट फर्कनु हुन्छ, त्यो दिनमा त्यो काम सम्पन्न हुनेछ।" फिलिप्पी १:६ रूपान्तरित।

त्यस महिलाको निम्ति मृत्यु कुनै नौलो चिज थिएन। उनको श्रीमान मरेको उनले देखेकी थिइन्। अनि जब उनी निरिह भएर हेरिरहन्छिन्, उनका वरिपरि प्राय सबैको बेहाल भइसकेको थियो। घाँसहरू सुकिसकेका थिए। रूखहरूले आफ्ना पातहरू झारेर सुक्खा नाङ्गो भएको देखाएका थिए। गाईहरू कङ्काल भइसकेका थिए। बाख्राहरू दिनदिनै कसैको हेरचाहको निम्ति कराइ रहेका थिए। बादलरहित आकास दिनदिनै हेरिरहेकी थिइन्। बादल र पानीको निम्ति उनले आशा गरिरहेकी थिइन्। सबै खाना सिद्धी सकेको थियो। अलि अलि गर्दै सक्दो पिठो र तेल जोगाइ राखेकी थिइन्। यी अलिकति पिठो र तेल, पानी नपरूञ्जेल पुग्ला की भन्ने उनको आशा थियो। दिन दिनै एउटा सानो रोटी पकाएर टुक्रा टुक्रा गरेर बाँधीचुँडी खान्थी। उनीसँग भएको सबै खानेकुरा उनको छोरालाई चाहिएको थियो। सुकेनास र अत्यन्त कमजोर भएको आफ्नो छोरा देख्दा उनको हृदय छियाछिया भइरहेको थियो। तर आमा छोरा बाँच्न जतिसुकै प्रयास गरेपनि नबाँच्ने स्थितिमा उनीहरू पुगिसकेका थिए। अब भुखमरीमा परि दुबैजना मर्ने त्रासले छोपेको थियो। अन्तिम एउटा रोटीको निम्ति पिठो बाँकी थियो। उनी धुलै धुलो भएको शहर जेरफाथ छोडेर अन्तिम रोटी पकाउन दाउरा वा स्याउला खोज्न जान्छिन्। यहाँ नै अनामिका विधुवी, बाइबलका कथाका पवित्र इतिहासमा एक पात्र भएर पस्छिन्। उनले सिकाएको पाठ हजारौं वर्षपछि पनि हाम्रै लागि उपयोगी सिद्ध भइरहेको

छ। एक विधवा अवलाको जीवन कसरी परमेश्वर र सैतानको बिचमा भएको महान् अन्तरद्वन्धको सिकार भयो तर उनले परमेश्वरलाई चुनेकीले कदम कदममा विश्वासको जीवन बिताउन सफलता मिल्यो भन्ने यस अध्यायको विषय हुनेछ।

## १. जेरेफाथतिर (सारपथ) (हिब्रू १:१-३)

परमेश्वरको निर्देशनमा उहाँका महान् अगमवक्ता एलिया जेरेफाथमा गएकोबाट हाम्रो कथा सुरू हुन्छ। उनलाई जेरेफाथमा जान किन निर्देशन दिइयो त, सबभन्दा पहिले यो कुरा हामीले बुझ्नुपर्दछ। मूर्ती अर्थात् नक्कली देवताहरूको पुजामा इस्रायल राष्ट्र फसिसकेको थियो। सरकारको घोषणा अनुसार त्यो देशको राष्ट्रिय धर्म बालदेवतालाई पुजा गर्ने भइसकेको थियो। त्यो बालदेवतालाई पूजा गर्दा, (नेपालमा इन्द्र देवता भनेको झैं) पानी पर्छ भन्ने विश्वास थियो। परमेश्वरले आफ्नो भविष्यवक्ता एलियामार्फत हुरीबतास र पानीका देवतालाई चुनौती दिँदै न त पानी न त तुषारो नै पर्छ भनेर राजालाई सुनाइएको थियो (१ राजा १७:१)।

हुरी बतासका देवतालाई पुजा गर्ने देशका राजालाई अब पानी पर्दैन भनेर परमेश्वरको चुनौती सुनाउँदा उसको धर्मको उपहास गरिएको थियो। अरू देवीदेवताहरूप्रति मानिसले राखेको आस्थाप्रति बाइबल मौन नरहेको हामी देख्छौं। तर मानवनिर्मित धर्मको भन्दा परमेश्वरको शक्ति कतिको महान् र शक्तिशाली छ भनेर बाइबलले हामीलाई कसरी देखाउँछन्? हेर्नुहोस्: भजन ८६:८, यर्मिया १०:६, हिब्रू १:१-३, र अयूब ३८।

चेरिथ खोलाको छेउमा एलिया भुमिगत भएर लुकिरहेका थिए (१ राजा १७:३)। इस्रायली राष्ट्र नराम्रो खडेरीबाट कष्ट पाइरहेको थियो। एलिया लुकेको ठाँउको खोला पनि सुकिसकेको थियो। तब अन्तमा परमेश्वरले उनलाई त्यस ठाँउ छोडेर जेरेफाथमा जान निर्देशन दिनुभयो (१ राजा १७:१-९)।

इस्रायल छोडेर विदेशको शहरमा जान एलियालाई परमेश्वरले आज्ञा गर्नुहुन्छ। टायर र सिडोनको शहरको बिचमा जेरेफताह छ। यी

शहरहरू मेडिटरियन समुद्रको किनारामा र फिनिशिया प्रान्तमा छन्। यहिँबाट निरङकुस रानी जेजबेल आएकी थिइन्। त्यो देशमा धेरै राष्ट्रिय देवीदेवताहरू छन्। बाल देवता तिनीहरूमा एक प्रमूख देवता हुन्। इस्रायलका राजा अहाबले फिनिसियाको राजकुमारी जेजबेललाई विवाह गरेर उनले पुजा गर्ने बालदेवतालाई पनि भित्राएका थिए। बाइबलको समयमा मानिसहरू जहाँ जहाँ जान्छन् त्यहाँ त्यहाँ आफूले मानेका देवताहरूलाई पनि लैजाने चलन थियो। जेरफाथ भन्ने शहर इस्रायलको सिमानामा थियो। इस्रायलको लागि यो बिदेश थियो। यो देश परमेश्वरको प्रभाव भएको क्षेत्रबाट टाडा हुनुपर्थ्यो। त्यो देशका मानिसहरूको निम्ति परमेश्वर टाडा हुनुपर्थ्यो। तर कोहिपनि परमेश्वरको पहुँच भन्दा बाहिर छैन। बालको आराधनास्थलको केन्द्रैमा परमेश्वरले आफ्नो उपस्थिति र शक्तिलाई देखाउन गइरहनुभएको थियो।

इस्रायल देशबाट टाडा रहेका जेरेफाथको विधुवाको आवश्यकतालाई महशूस गरेर परमेश्वरले अगमवक्तालाई प्रयोग गर्नु उहाँको उल्लेखनिय सदाशयताको कदम हो। येशूका अनुयायी हौं भन्दैमा अरूहरूले हामीलाई सिद्ध देख्नुपर्छ भन्ने छैन। हाम्रा समस्याहरू वा आवश्यकताहरूलाई ढाकछोप गर्नु आवश्यक छैन। भित्री पिडालाई मुकुण्डो लगाएर सबै ठिक छ भनेर असत्यरूपमा देखावटी हर्ष देखाउनु पर्दैन। येशूलाई विश्वास गर्नेहरू दुःख पाउँछन् पनि। हामीलाई चोट् लाग्न सक्छ। तर यसको बाबजुदपनि अरूको आवश्यकतामा सान्त्वना दिन सक्छौं र जुनसुकै आस्थाका मानिस होस् वा आस्था नै नभएका मानिस किन नहोस् तिनीहरूलाई सेवा गर्न हामी पन्छिन हुँदैन।

अरूसँग सहायता माग्दा हामीमा विश्वास नभएको आभास पाउनु गलत मनस्थिति हुनु होइन त? हाम्रै आवश्यकतालाई देखापार्दै परमेश्वरको भलाई र चरित्रलाई अरूको अगाडि प्रस्तुत गर्ने केहि उपायहरू छन् की?

## २. अनौठो औजार (१ राजा १७:७-१२)

विधुवाले आफ्नो र छोराको निम्ति अन्तिम रोटी बनाउँन दाउरा खोज्दै गर्दा एलियालाई देख्छिन्। एलियालाई भेट्नेवित्तिकै उनी चानचुन मानिस होइन तर परमेश्वरको मानिस भनेर उनले चिन्छिन्। ती पदहरूले बिधुवीले एलियालाई कसरी चिनिन् भनेर भनेको छैन, तर उनको अनुहारबाट आभास पाइन्, एलिया जीवित परमेश्वरका उपासक हुन्।

१ राजा १७:१२ पढ्नुहोस्। जीवित परमेश्वर हुनुहुन्छ भनेर त्यस स्त्रीले स्विकार गर्छिन्। तर उनको निम्ति यो के मतलब थियो त? "हामी खान्छौं अनि मर्नेछौं" भन्नाले परमेश्वरप्रतिको आस्था कस्तो थियो भनेर देखाउँछ।

१ राजा १७:३,४ र १ राज १७:८मा एउटै साझा कुरो के छ?

एलियाको जीवन बाँचोस् भनेर परमेश्वरले उनलाई अगूवाई गर्नुहुन्छ र कहाँ जाने भनेर निर्देशन दिनुहुन्छ। पहिलो चोटी चेरिठको खोलाको किनारमा लुक्नु भनेर भन्नुहुन्छ। परमेश्वरले कौवाहरू पठाएर रोटी ख्वाउनुहुन्छ। त्यसपछि एलियालाई जेरापाथ अर्थात् सारपाथ पठाउनुहुन्छ र त्यहाँ उनलाई खाना ख्वाउन बिधुवीलाई आज्ञा गर्नुहुन्छ (पद ८)।

परमेश्वरले बिधुवालाई अनौठो रूपमा प्रयोग गर्नुभयो। उनी इस्रायली जातीका थिइनन्। सामाजिक चलन अनुसार उनी बिधुवा भएको कारणले उनी सबैबाट हेपिएकी र समाजमा केहि अधिकार पनि थिएन। अनि उनी आफै भोखमरीले ग्रस्त भएकी थिइन्।

परमेश्वरको इच्छा वा योजनाको बारेमा चिन्तन गर्दा धेरै कुराहरू सिक्न सक्छौं। तर धेरै जसो हामी बलियो भएकोले होइन तर कमजोर भएकोले उहाँले हामीलाई चुन्नुहुन्छ (२ कोरन्थी १२:९)।

अघिल्लो बुँदामा हामीले हेर्‍यौं कि परमेश्वर भोगोलिक क्षेत्रमा सिमित रहनुहुन्न। हाम्रो सिमितमा परमेश्वर सिमित हुनुहुन्न भनेर यस बुँदामा सिक्छौं। यस कथाका निर्देशक परमेश्वर आफै हुनुहुन्छ। सबै

थोक परमेश्वरको नियन्त्रणमा छ भनेर यस कथाले स्पष्ट रूपमा देखाउँछ। परमेश्वर र बाल देवतासँगको महान् युद्धमा एलियाले खेलेको भूमिकालाई चर्चा गर्दा संसार कसको खटनमा रहेछ भनेर देखाउँछ। परमेश्वरको योजनाको खिलाफमा कोहि पनि उभिन सक्दैनन्। पछि यहि कथाको अन्तमा सिक्नेछौं, मृत्युले पनि परमेश्वरको उद्देष्यलाई रोक्न सक्दैन। कतिपटक हाम्रो जीवनलाई जोखिममा पारेर कामकुरा गर्छौं तर हामीप्रति परमेश्वरको चाहना सधैं असल नै रहन्छ (यर्मिया २९:११)। सुरूमा यो कुरा हामीले महशूस नगरौंला। तर खराब होस् वा असल होस् सबै परिस्थितिमा हामीले परमेश्वरमाथि भरोसा राख्न सिक्नुपर्दछ। हामी मानिस भएको कारणले कुनै न कुनै बेलामा दुबै परिस्थितिको सामना गर्नुपर्ने हुन्छ।

तपाईं कमजोर भएपनि परमेश्वरले तपाईंलाई कसरी प्रयोग गर्न सक्नुभएकोछ? यदि कमजोरलाई जित्न सक्यो भने परमेश्वरको निम्ति अझ कति धेरै काम गर्न सक्नुहुन्छ होला?

## ३. पूर्ण रूपमा समर्पण (१ राजा १७:१३-१६)

१ राजा १७:१३-१६ पढ्नुहोस्। एलियाले विधुवालाई सबभन्दा पहिलो कुरो के गर्न अऱ्हाउँछ? किन? जुन काम गर्न एलियाले अऱ्हाउँछन् त्यसमा त्यस बिधवाले विश्वासमा कसरी ठूलो हामफाल्न आह्वान गरेको पाउँछौं?

असल समयमै किन नहोस्, बाइबलमा विधुवाहरूको भूमिका त्यस्तो उल्लेखनिय भएको पाउँदैनौं। यदि तिनीहरूका कुनै सन्तान छैन भने, विशेष गरेर छोराहरू छैन भने तिनीहरूलाई कानूनले समेत सुरक्षित गरेको पाउँदैनौं। यस्तो भोखमरी वा अनिकालको समयमा विधुवाको त के कुरा गरौं। उनीहरूको स्थिति त कहाली लाग्दो नै हुन्छ। त्यस वखत प्रत्येक परिवार जीउनको निम्ति संघर्ष गरिरहेको थियो। यस्तो समयमा गरिब विधुवालाई हेर्ने कोहि थिएन न त तिनीहरूप्रति दया देखाउने कसैको परोपकारी मनोभावना नै थियो। अब आएर एलियाले उनलाई खान देउ भन्छ। जेरेफाथ सहरमा भएका मानिसहरूबाट सहायता लिनुपर्नेमा यो विधुवाकहाँ जान्नु अरल तरिका नै

थिएन। विधवा स्त्री र सुकेनास भएको छोराको र मृत्युको बिचमा केवल एक मूठी पिठो र अलिकति तेल मानौं उपहास गरेर बसेको जस्तै थियो।

अनि एलिया आएर पहिला कसलाई खाना ख्वाउन भनेर अनुरोध गर्छन् त? जब यो कुरा सुने त्यस विधवा आइमाईको मनमा कस्तो भुँइचालो गयो होला? एलियाको कुरा मान्न उनमा कस्तो खालको विश्वासको आवश्यकता हुनुपरेको थियो होला?

कतिपय समाजको चलन अनुसार घरको मानिसले भन्दा पाहुनालाई ख्वाउनु शिष्ट मानिन्छ। अर्थात् अरूलाई पहिला ख्वाउनु अनि आफू खानु। तर यहाँ मर्न लागेको आमा र छोराको सट्टा अगमवक्ताले आफूलाई पो पहिला ख्वाउनु भनेर अनुरोध गर्दछन्।

तर याद गर्नुहोस्, यस कथामा यस विधवाको सामु ठूलो परिक्षा खडा भयो। उनमा भएका अन्तिमा रोटी वा सबै थोक एलियालाई दिएर उनले त्यस बिधवालाई परमेश्वरको विश्वासमा हामफाल्नु भनेर आह्वान गरिरहेको थियो।

बाइबलमा यस्ता कुन् उदाहरणहरू छन् जसमा परमेश्वरले मानिसलाई पूर्ण रूपमा समर्पण गर्न आह्वान गर्नुभएको थियो? उदाहरणमा उत्पत्ति २२ हेर्नुहोस्।

जब हामीसँग भएको सबै थोक परमेश्वरलाई अर्पण गऱ्यौं भने अन्तमा हामीलाई नै फायदा हुन्छ। यस कथाको सुरूमा त्यस महिलासँग केवल एक छाकको निम्तिमात्र पिठो थियो। जब उनले अगमवक्तालाई पहिले खान दिँदा त्यस गैर-विश्वासी स्त्रीले खस्रो विश्वासमा हाम फालेकी थिइन्। आफूले नबुझेको कुरामा उनले भरोसा राखिन्। यथार्थमा विश्वास भनेको त्यहि होइन त (हिब्रू ११:१)? हामीले नदेखेको परमेश्वरमा हामी भरोसा राख्छौं र हामीले पूरा नबुझेका प्रतिज्ञाहरूमा विश्वास राख्छौं। यहाँ मूर्तीपुजक स्त्रीले जुन विश्वासको क्षमता देखाइन् त्यसलाई सऱ्हाना नै गर्नुपर्छ। परमेश्वरले जसरी भएपनि उनीसँग बोल्नु भयो (पद ९) र विश्वासद्वारा उनले त्यसको जवाफ दिइन्। उनलाई अनुरोध गरेको कुरालाई शिरोपर

गरिन्। उनको यो काम मूर्खतापूर्ण देखिएतापनि त्यो काम सम्पन्न गर्न अग्रसरता देखाइन्।

तपाईंले नबुझेको खस्रो, नाङ्गो विश्वास तथा भरोसामा पछिल्लो पल्ट कहिले पर्नुभएको छ? हामी पापीहरूले विश्वासद्वारा जीवन बिताउनु भनेको के हो भनेर यस विधवाको कथाले कसरी सिकाउँछ?

## ४. मेरा पापहरूलाई सम्झनुहोस् (१ राजा १७:१७,१८)

आफ्नो अन्तिम रोटी त्यस बिधुवाले त्यागिन् र परमेश्वरले उनको त्यागलाई सम्मान गरेर अचम्मको काम गर्नु भयो। उनी र उनका छोरा भोखले मर्नुपरेन। अझ, खडेरीको अन्त्य नभैंञ्जेल तिनीहरूको घरमा खानाको अभाव भएन। एक दिनमात्र होइन दिनदिनै पिठो र तेल उब्रीरहने गजबको यो आश्चर्य काम देख्दा उनी कस्तरी छक्क परिन् होला?

जब कोहि मानिसको परमेश्वरसँग भेट हुन्छ त स्वतः त्यसले के गर्छ? हेर्नुहोस्ः अयूब ४२:५,६, यशैया ६:५, दानियल १०:८, लूका ५:८, र प्रकाश १:१७। परमेश्वरको उपस्थितिको आभास पाएपछि धेरै मानिसहरू यस्तो अवस्थामा किन पर्छन्?

एलियाको माध्यमबाट विधुवाले परमेश्वरसँग भेट गरेकी थिइन्। जब हाम्रो परमेश्वरसँग भेटघाट हुन्छ तब हाम्रो पाप उदाङ्ग हुन्छ। यसैको फलस्वरूप, हामीलाई केहि नराम्रो भयो भने परमेश्वरले सजायँ दिइरहनुभएको छ भन्ने आभास पाउँछौं। १ राजा १७:१८मा जब घामको तापबाट उनको छोराको मृत्यु हुन्छ तब एलियाकै कारणले परमेश्वरको हातबाट उसको मृत्यु भएको भनी बिधुवाले उनलाई दोष लगाउँछिन्।

पद १८मा प्रस्तुत गरिएको उनको तर्कलाई सोच्नुहोस्। उनले यसरी किन सोचिन्?

हुनसक्छ एलियाको पवित्र र विश्वासी जीवनशैलीलाई त्यस बिधुवाले देखिरहेकी थिइन्। अनि उनको आफ्नो पापी जीवन र एलियाको पवित्र उस्थितिमा भएको अन्तरको आभास् उनले पाएकी थिइन्। कतिदिनसम्म परमेश्वरको अचम्मको कामले जीउन पाएकोले

पहिला कहिलै पनि नभएको परमेश्वरको उपस्थितिको आभास उनले पाएकी थिइन्। त्यसैकारण त्यस विधुवाले कहिलेपनि उदाङ्ग नभएको आफ्ना पाप अब उदाङ्ग भएको देखेकी थिइन्। जे भएतापनि, आफ्नै पापले आफ्नो छोराको मृत्यको बेदना सहनुपरेको उनले महशूस गरेकी थिइन्।

परमेश्वरको इच्छा भनेर दुःख परेको बेलामा परमेश्वरलाई दोष लगाउनु मानविय चलन नै हो भनेपनि हुन्छ। कतिपय नराम्रो कुरा भएमा वा आफ्ना प्रिय जनहरूलाई केहि भयो भने हाम्रै पापको कारणले परमेश्वरले सजायँ दिएको हो भनेर हामी आफूलाई दोष लगाउँछौं। मैले के गरें र मेरो बालक बिमार भयो? मेरो जीवनमा यस्तो के थियो जसले गर्दा यो नराम्रो कुरा हुन आयो? यो कुरा सत्य हो कि दुःख, कष्ट प्रायजसो हाम्रो पापपूर्णकामलाई रोजेकोले हुन्छ। फेरि कतिपटक नराम्रो कुरा हुन्छ त्यसको कारण हामीले बुझेका हुँदैनौं न त हामीले केहि काम गरेको कारणले नै हो। अयूबको कथालाई सम्झनुहोस्। परमेश्वरकै मूखबाट अयूब सिद्ध मानिस भनेर उच्चारण गरेपनि उनलाई के भयो त? हाम्रो जीवनमा भैपरि आउने नराम्रो कुरालाई मूल्याङ्कन गर्दा हामी बढो होशियार हुनुपर्दछ। र अझ त्यस नराम्रो कुरालाई हामीले कसरी लिने त्यसमा पनि होशियार हुनु अत्यन्त जरुरी छ। दोष लगाउँदैमा समस्याको समाधान हुँदैन।

हामीले अपेक्षा नगरेका र बुझ्न नसकेका कुराहरू र घट्नाहरू प्रायजसो हामी सबैले खपेका छौं। यसले यस संसारमा पापी भएर जीउनुको आभास दिइन्छ। यस्तो आततायी अर्थात् त्रासपूर्ण बातावरणमा पनि परमेश्वरमा भरोसा राख्नु र उहाँको प्रेमको आभास पाउनुबाट हामी कसरी हटेर नबस्ने?

## ५. विश्वासको परिक्षा (१ राजा १७:१७-२४)

एलिया र विधुवाको विश्वासको जाँच कसरी गरियो त? हेर्नुहोस् १ राजा १७:१७-२४।

त्यस बालकको मृत्युले गर्दा एलिया आफै पनि आन्तरिक संघर्ष गर्नु परेको थियो। परमेश्वरले बालकलाई पुनर्जिवित पार्नुहुन्छ भन्ने

कुरालाई आफू विश्वस्त नभएको आभास हामी पाउँछौं। एलियाको आन्तरिक संघर्ष त्यहि स्त्रीकै जस्तै देखिएको छ। बालकको मृत्युको लागि एलियाले परमेश्वरलाई नै दोष दिन्छन्। परमेश्वरको नजिक रहने वा परमेश्वरकै प्रवक्ता हुने अगमवक्ता पनि आफूले नबुझेको कुरामा आन्तरिक संघर्ष गर्नुपर्दोरहेछ भनेर यस कथाबाट हामी जान्दछौं ।(मत्ती ११:१-३)।

केहि समय, त्यस बिधुवा र एलियाले परमेश्वरको आश्चर्य कामलाई स्पष्ट रूपमा देखिरहेका थिए। तेल र पिठोको भाँडोबाट निरन्तररूपमा ती चिजहरूको उत्पादन भइरहनुबाट तिनीहरूको विश्वास बलियो भएको थियो। जब बालकको मृत्यु हुन्छ तब एलिया र विधुवाको विश्वासलाई जाँचेको देखिन्छ।

हाम्रो जीवनमा कयौं पटक परमेश्वरको आशिषले अचम्मको अनुभव हामीले गरेका छौं? विभिन्न घट्नाहरूद्वारा हामीले परमेश्वरको स्पर्श हामीमा भएको अनुवभबाट उहाँको शक्तिको आभास पाएका हौंला। यद्यपि, हामीले अपेक्षा नगरेको नराम्रो कुरा हुन आउँदा परमेश्वरलाई नै दोष दिने चलनबाट हामी मूक्त भएका छैनौं। आश्चर्य वा दैविक कामले हाम्रो विश्वास बढाउन महत्वपूर्ण भाग त खेल्ला। तर हाम्रो बिश्वासका केन्द्रविन्दु वा आधार त्यस दैविक काम वा अचम्मको काम हुनुहुँदैन।

एलियाले परमेश्वरसँग कसरी बोले त? उनको र परमेश्वरको बिचमा कस्तो घनिष्ठ सम्वन्ध रहेछ भनेर त्यसले हामीलाई बताउँछ?

परमेश्वरसँग एलियाको घनिष्ठ सम्वन्ध थियो। उनले परमेश्वरलाई "मेरा परमेश्वर" भनेर सम्वोधन गर्छन्। तर परमेश्वरसँग एकदम नजिकै रह्‍यो भन्दैमा जीवनमा आइपर्ने सबै कुराको जवाफ हुनुपर्छ भन्ने छैन। परमेश्वरले यो बालक मर्न किन दिइयो भन्ने कुरा उनले बुझ्न सकेको थिएन। तर जब हामी परमेश्वरसँग नजिकै हुन्छौं, यथार्थमा भन्ने हो भने त्यसै वखतमा परमेश्वरको शक्तिको महान् अनुभव हामीले गर्ने अवसर पाएका हुन्छौं। एलियाले कुनै तन्त्रमन्त्र झारफूक गर्दैन तर त्यस बालकलाई न्यानो पार्दा अचम्मको काम हुन्छ।

परमेश्वरले नै त्यस बालकलाई पुनर्जीवित पार्नुभएको हो भनेर यस कथाका लेखकले स्पष्ट पार्दछन्।

बालक जीउँदा एलिया आश्चर्यचकित भएर हर्षले विभोर हुन्छन्। हुनसक्छ त्यस बिधुवा आमालाई एलियाले चिच्याएर भन्यो होला, "हेर तिम्रो छोरा जीउँदो भयो !" यस अचम्मको दैविककामले त्यस स्त्रीको विश्वासमा तला थपियो होला। तर त्यसले एलियाकै विश्वासमा पनि ठूलो सहायता भएको हुनसक्छ।

विश्वासको वक्तव्यलाई उच्चारण गरेर त्यस विधुवाले आफ्नो पश्नको जवाफलाई अन्त्य गर्दछिन्। इस्रायलका परमेश्वरले जीवन दिनुहुन्छ र जीवनलाई पालनपोषण गर्ने उहाँ नै हुनुहुन्छ भनेर त्यस विधुवाले अब थाहा पाउँछिन्।

त्यस बिधुवाको कथालाई उदृध गर्दा येशूले त्यस कथा मनगढन्ते नभएर सत्य भएको पुष्टि गर्नुभएको छ। उहाँले कुन सन्दर्भमा त्यस अनामिका विधुवालाई सम्झनुहुन्छ? हेर्नुहोस्: लूका ४:२४-२६। येशूले भन्नुभएको वचनमा यस कथालाई अझ कसरी स्पष्ट पार्दछ? हामीले यसबाट के पाठ सिक्नसक्छौं?

## उपसंहार:

थप जानकारी: "येशूले भन्नुभयो, 'यहाँ एउटा कथन छ जो तिमीले सुन्यो भने आफैको लागि हो भनेर भनौंला।' 'डाक्टर साहेब, पहिला आफूले आफैलाई निको पार्नुहोस्! तपाँईको आफ्नै गाउँघरमा अचम्मको काम गर्नुहोस् जुन हामीले कपर्नहुम शहरमा तपाईंले गरेका कामको चर्चा सुनेका थियौं।' 'तर मैले जे भन्न गइरहेको छु त्यो सत्य हो,' उहाँले भन्दै जानुभयो। "आफ्नै गाउँघरमा अगमवक्तालाई स्विकार गरिँदैनन्। एलियाका पालामा इस्रायलमा धेरै बिधुवाहरू थिए। अनि त्यस भेगमा साढे तिन वर्षसम्म पानी परेको थिएन। खडेरी भएकोले कहिँ पनि प्रसस्त खानेकूरा थिएन। तर एलियालाई इस्रायलका कुनै पनि विधुवाहरूकहाँ पठाइएन। बरू सिडोनको नजिक रहेको जेरेफाथ (सरफाथ) शहरमा भएका बिधुवालाई सघाउन एलियालाई पठाइयो। र यलिशाको पालामा पनि इस्रायलमा धेरै मानिसहरूलाई कोढी अर्थात्

छालाको रोग लागेका थिए। तर कसैलाई पनि निको पारिएन, तर नेमानलाई निको पारिइयो, जो बिदेशी देश सिरियाको सेनापती थियो।' लूका ४:२३-२७।"

"अगमवक्ताहरूको जीवनलाई स्मरण गर्नुहुन्दा येशूले श्रोताहरूका जिज्ञासालाई मेटाउनुभएको थियो। आफ्ना सेवकहरूलाई (अगमवक्ताहरू) विशेष कामको निम्ति परमेश्वरले चुन्नु भएको थियो। तर कठोर हृदय, अविश्वासी हृदयभएकाहरूका बिचमा उहाँले आफ्ना सेवकहरूलाई काम गर्न दिनुभएन। तर जसको हृदयमा विश्वासको अनुभव गरिन्छ र परमेश्वरप्रतिको निष्ठामा अडिग हुन्छ, तिनीहरूलाई अगमवक्तहरूद्वारा परमेश्वरको शक्ति देखाउँछन् र यसरी तिनीहरूले उहाँको आशिष पाउँछन्। एलियाको पालामा इस्रायलहरूले परमेश्वरलाई विश्वास गर्न छोडेका थिए। आफ्ना पापहरूलाई उनीहरूले पक्रि नै राखे। परमेश्वरका सन्देवाहकहरूद्वारा दिइएका पवित्र आत्माका सन्देशहरूलाई तिनीहरूले लत्याइदिए। त्यसले गर्दा स्वइच्छाले नै परमेश्वरको आशिषबाट उनीहरू वंचित हुनपुगे। परमेश्वरले आफ्नो सेवक एलियालाई आफ्नै गाउँघर इस्रायलमा नपठाई मूर्तीपुजा गर्नेहरूको बिरानो देशमा पठाउनुभयो। परमेश्वरले त्यस महिलालाई चुन्नुभयो जो उहाँले चुन्नुभएको जाती थिएन। तर आफूले जति पाएको ज्योति वा आत्मज्ञानमा त्यस महिला तल्लिन भएकोले परमेश्वरले उनलाई चुन्नुभयो। अनि आफ्नो अगवक्तालाई पठाउँदा ठूलो आत्मज्ञान वा महान् ज्योति ग्रहण गर्न दिल खुला गरिएकोले नै परमेश्वरको उनको पक्षमा उभिनुभयो।"एलेन जी. ह्वाइट, *द डिजायर अभ एजेजबाट* रूपान्तरित।

**चिन्तनमनन:**

१. पाप र दु:खको बिचमा के सम्वन्ध छ? जेरेफाथकी बिधुवाले आफ्नै पापको कारण आफ्नो छोराको मृत्यु भएको थियो भनेर शोक गरेकी थिइन्। यसरी नै नयाँ करारमा येशूका चेलाहरूले पनि कोहि अन्धा भयो भने उसकै वा उसका आमाबाबुहरूले गर्दा भएको थियो

भन्ने धारणा थियो (यूहन्ना ९:२,३)। आफ्नै पापको कारणले दुःख पाइरहेकाहरूलाई हामीले कसरी सान्त्वना दिने? के तिनीहरूलाई हेयको दृष्टिले हेर्ने? अथवा त्यसलाई परमेश्वरको न्याय हो भनेर मान्दै नमान्ने? यसको बारेमा तर्कवितर्क गर्नुहोस्।

२. कुनै बालक जन्मैदेखि असाधारण रोगले ग्रष्ट हुन्छन्। आफू युवती भएको बेलामा पाप वा परमेश्वरको विरोध गरेकोले परमेश्वरले सजायँ दिनुभएको हो भनेर आमाले विस्मात् मान्छिन्। यस्तो धारणमा संघर्ष गरिरहेकी आमालाई तपाईंले के सरसल्लाह दिनुहुन्छ?

३. कसैले आश्चर्यकाम वा दैविक शक्तिले काम गरेको देखेको छ भनेर आफ्ना विश्वासीहरूलाई सोध्नुहोस्। त्यस व्यक्तिले त्यस कामलाई कुन दृष्टिकोणले हेरे त? के परमेश्वरको आश्चर्य कामले उनको जीवनमा परिवर्तन् ल्याउन मद्दत मिल्यो त? प्रथम् पटक अचम्मको काम देखेर वा अनुभव गरेर परमेश्वरमा आस्था राखेपछि पनि पछि केहि दुःख आइपर्दा शङ्कासँग संघर्ष गर्नुपरेको थियो कि? अचम्म कामद्वारा होइन विश्वासद्वारा जीउनु भनेको के हो भनेर ती अनुभवहरूले हामीलाई कसरी बताउँछन्?